## कार्यपालिका बैठक -१७

मितिः- २०७८।०१।०९

आज मिति २०७८।०१।०९ गते बिहिबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको १७ (सत्रौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो।

### उपस्थितिः-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो.मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

### आमन्त्रित सदस्यः-

| | | | |
|---|---|---|---|
| १ | श्री बोधराज भुसाल | सहायक पाँचौ | |
| २ | श्री राजु प्रसाद पन्थ | का.सहयोगी | |

कार्यपालिका बैठक -१७

मितिः- २०७८।०१।०९

## प्रस्तावहरुः-

स्ताव नं. १- झोलुङ्गे पूल माग गर्ने सम्वन्धमा ।

ताव नं. २- पालिका कोशेली घर स्थापना सम्वन्धमा ।

ताव नं. ३ - योजना संशोधन सम्वन्धमा ।

ाव नं. ४- पदपूर्ति सम्वन्धमा ।

ताव नं. ५- भुक्तानि बाँकी सम्वन्धमा ।

ाव नं. ६- रकम उपलब्ध गराउने सम्वन्धमा ।

## निर्णयहरुः-

**निर्णय नं. १-** यस गाउँपालिका अन्तर्गतका विभिन्न स्थानमा झोलुङ्गे पूलको अभावमा स्थानीय जनताले वर्षायाममा नदी/खोला/घोलाबाट अत्यन्तै जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यताका कारण कतिपय अवस्थामा ज्यान समेत जाने अवस्थालाइ अन्त्य र्ने तपसिलका स्थानहरुमा झोलुङ्गे पूल निर्माणका लागि योजना/कार्यक्रम समावेशका लागि **लुम्बिनी एकिकृत विकास संस्था, तौलिहवा कपिलवस्तु**मा अनुरोध गर्ने निर्णय पारित गरियो ।

पसिलः-

| क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | विजयनगर-३, रामनगरडिहवा र शिवराज नगर पालिकाको विलरडिहवा जोड्ने सुरई खोलामा झोलुङ्गे पुल | |
| २ | विजयनगर-४, भु.पु. टोल र वडा नं. २ हल्लानगर जोड्ने झोलुङ्गे पुल | |
| ३ | विजयगनर-६, छुटपाटी र वडा नं. १ थरौली जोड्ने झोलुङ्गे पुल | |
| ४ | विजयनगर-४, डगडौवा र शिवराज नगरपालिका वडा नं. ८ विसुनपुर जोड्ने झोलुङ्गे पुल | |

**निर्णय नं. २ -** विजयनगर गाउँपालिका वडा नं. ७, मधुनगरमा प्रदेश सरकार सशर्त अनुदान तर्फ **पालिका कोशेली घर** स्थापना गर्ने निर्णय परित गरियो ।

**निर्णय नं. ३-** विजयनगर गाउँपालिका वडा नं. १, नेवलागञ्जमा स्यालो ट्युवेल जडानका लागि रु. ५ (पाँच) लाख छुट्याउने गरी अघिल्लो कार्यपालिका वैठकबाट भएको निर्णय संशोधन गरी सोहि रकमबाट वडा नं. १, नेवलागञ्ज उत्तरपट्टी दुधुरा बाँध निर्माण गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४-** यस गाउँपालिकामा रहेको एम्वुलेन्स संचालनका लागि करारमा एम्वुलेन्स चालक नियुक्ति गर्न सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ५-** यस अघि नै सम्पन्न भइसकेका विभिन्न योजना/कार्यक्रमको भुक्तानि गर्न बाँकी रकम यस गाउँपालिकाबाट आ.व. २०७७/०७८ मा बिनियोजित सि.नं. ४८ को तटबन्ध निर्माण शिर्षकबाट रु. ४,५०,०००।- (चार लाख पचास हजार) र सि.नं. ११७ को मागमा आधारित साना पूर्वाधार शिर्षकबाट रु. १० (दश) लाख गरी जम्मा रु. १४,५०,०००।- (चौध लाख पचास हजार) रकमान्तर गरी भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६-** निम्न संस्था/समिति/योजना/व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लालपुरमा इनार मर्मत | विजयनगर-७ | इनार मर्मत | रु. ५०,०००।- ( पचास हजार मात्र) | मागमा आधारित साना पूर्वाधार सहयोग कार्यक्रम | |
| २ | महादेइयामा इनार मर्मत | विजयनगर-३ | इनार मर्मत | रु. ३०,०००।- ( तीस हजार मात्र) | | |
| ३ | वघमरवा र वनगाइमा इनार मर्मत | विजयनगर-५ | इनार मर्मत | रु. ६०,०००।- (साठी हजार मात्र) | | |
| ४ | श्री केशव पन्थी | विजयनगर-६, प्रेमनगर | औषधोपचार | रु. २०,०००।- (विस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| ५ | श्री समयमाई मन्दिर निर्माण तथा संचालन समिति | विजयनगर-५, पिपरी | राम नवमी मेला, भण्डारा तथा सांस्कृतिक कार्यक्रम | रु. ५०,०००।- ( पचास हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |